**होटल वर्गीकरण सम्बन्धी नयाँ मापदण्ड तर्जुमाका लागि राय/सुझाव माग गरिएको सार्वजनिक सूचना**

(सूचना प्रकाशित मितिः २०८२/१२/०९)

नेपालको पर्यटन क्षेत्रलाई थप व्यवस्थित, गुणस्तरीय र वातावरणमैत्री बनाउन हाल कार्यान्वयनमा रहेको "होटल, रिसोर्ट, पर्यटक इन, पर्यटक लज, मोटेल तथा बेड एण्ड ब्रेकफाष्ट (बि एण्ड बि) हरुको होटल वर्गीकरण मापदण्ड (Hotel standard), २०७६ (२०७७ को संशोधन समेत)" मा समयानुकुल परिमार्जन र संशोधन गर्नुपर्ने आवश्यकता देखिएको छ।

वर्तमान विश्व पर्यटन बजारमा बढ्दो वातावरणीय सचेतना र दिगो विकासको आवश्यकतालाई मध्यनजर गर्दै नेपाल सरकारले **"Green Hospitality"** को अवधारणा बमोजिम नयाँ **होटल वर्गीकरण मापदण्ड** तर्जुमा गर्ने तयारी गरेको छ।

अतः प्रस्तावित नयाँ मापदण्डलाई थप व्यवहारिक, वस्तुपरक र अन्तर्राष्ट्रिय स्तरको बनाउनका लागि, पर्यटक तथा तारे स्तरका होटलहरुको अन्तराष्ट्रिय मापदण्ड (Indicators/Standards), नेपालमा कायम गर्नुपर्ने मौलिक विशेषताहरु, हरित आतिथ्यता (Green Hospitality) का मापदण्डहरु तथा हालको मापदण्डमा गर्नुपर्ने सुधारका पक्षहरू सम्बन्धमा आफ्ना अमूल्य राय, सुझाव र सल्लाहहरू यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र विभागको ईमेल **[dot.hotel25@gmail.com]** मा वा सिधै विभागको होटल शाखामा उपलब्ध गराइदिनुहुन सम्बन्धित क्षेत्रका विज्ञ, व्यवसायी, प्राज्ञिक वर्ग, सञ्चारकर्मी तथा सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ।

**राय/सुझावका मुख्य क्षेत्रहरूः**

१. मौजुदा मापदण्ड २०७६ (२०७७ को संशोधन समेत) मा सुधार गर्नुपर्ने पक्षहरू।
२. Green Hospitality (हरित आतिथ्य) का लागि आवश्यक सूचकहरू।
३. होटलको भौतिक पूर्वाधार र सेवाको गुणस्तर वर्गीकरण।

सम्पर्क न. ९८५११७५२७६/९८५११९६२७५

पर्यटन विभाग